# माादी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## थुमाकोडाँडा, कास्की
गण्डकी प्रदेश, नेपाल

माडी गाउँपालिका

**न्यूनतम रोजगारीमा संलग्न हुनको लागि निवेदन संकलन सम्बन्धी सूचना !!**
**सुचना प्रकाशित मिति-२०७९/१०/२५**

रोजगारीको हक सम्वन्धी ऐन, २०७५ को दफा ११, रोजगारीको हक सम्बन्धी नियमावली, २०७५ को नियम ७ र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका २०७५ को दफा १८ बमोजिम आगामी आर्थिक बर्ष २०८०/८१ मा यस गाउँपालिकाको रोजगार सेवा केन्द्रको समन्वयमा प्रदान गरिने १०० दिन बराबरको न्यूनतम रोजगारीमा संलग्न भई सामाजिक विकास निर्माणका काममा योगदान गर्न इच्छुक **एक आर्थिक वर्षमा न्यूनतम एकसय दिनको रोजगारीमा संलग्न नभएका, नेपाल सरकारले तोकेको न्यूनतम पारिवरिक आय वार्षिक रु ५१,७००/- भन्दा कम रहेका, १८ देखि ५९ वर्ष उमेर समूहका** बेरोजगार व्यक्तिहरुले **२०७९ फागुन मसान्त** भित्रमा आफु स्थायी वसोवास गरेको वडा कार्यालयमा बेरोजगारको सूचीमा सूचीकृत हुन निवेदन दिनुहुन यो सूचना प्रकाशित गरिएको छ । निवेदन सम्बन्धित वडा कार्यालय, गाउँपालिकाको वेभसाइट www.madimunkaski.gov.np वा प्रधानमन्त्री रोजगार कार्यक्रमको वेभसाइट www.pmep.gov.np बाट नि:शुल्क प्राप्त गर्न सकिने छ । निवेदन दिनको लागि आवश्यक कागजातहरु तपसिल बमोजिम रहेका छन् । सम्पूर्ण विवरण भरी वडा कार्यालयले प्रमाणित गरेका निवेदन मात्र EMIS मा दर्ता गरिने हुदाँ सो बमोजिम गर्नु/गराउनु हुन सम्बन्धित सवैमा अनुरोध छ ।

<u>तपसिल</u>

१. सम्बन्धित व्यक्तिको फोटो, नगरिकताको प्रतिलिपि १/१ प्रति ।
२. परिवारका सम्पूर्ण सदस्यहरुको पारिवारिक तथा नागरिकताको विवरण (जन्म मिति, नागरिकता नं र जारी मिति, शैक्षिक योग्यता, रोजगारीको अवस्था र सामाजिक सुरक्षा भत्ता बुझे/नबुझे को विवरण) ।
३. आवश्यकतानुसार विवाह दर्ता तथा बसाईसराई प्रमाणपत्रको प्रतिलिपि ।
४. बैंक खाताको विवरण (उपलब्ध भए सम्म) ।
५. सम्बन्धित व्यक्तिको वा परिवारको सम्पर्क नम्वर ।

प्रमुख प्रशासकिय अधिकृत


मोवाईल : ९८५६०७२६०१, ९८५६०७२६०२, ९८५६०७२६००, Web Site : madimunkaski.gov.np ईमेल : madiruralmunicipality@gmail.com